शुद्धोदन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही

## गाउँपालिका गान रचना गरी पेश गर्ने सम्वन्धी सूचना ।

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८१।०८।२३**

शुद्धोदन गाउँपालिकाको ऐतिहासिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक, भौगोलिक, पुरातात्विक तथा आधुनिक विकास निर्माण लगायतका पक्षहरू समेट्दै निम्न बुँदाहरू तथा गाउँपालिकाको विशेषताका आधारमा गाउँपालिका गान रचना गरी मिति २०८१/०९/२२ गते कार्यालय समयभित्र पेश गर्न सरोकारवाला सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

१. गाउँपालिका गान नेपाली भाषामा ५० (पचास) देखि ५५ (पचपन्न) शब्दसम्मको हुनु पर्नेछ ।

२. गाउँपालिका गान लयात्मक तथा गेयात्मक हुनु पर्नेछ साथै भाषा सरल र शुद्ध हुनु पर्नेछ ।

३. गानमा शुद्धोदनको ऐतिहासिक, भौगोलिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक, पुरातात्विक तथा आधुनिक विकास निर्माण लगायतका पक्षहरूको भाव स्पष्ट रूपमा खुलेको हुनु पर्नेछ ।

४. गाउँपालिका गानको रचना मौलिक (अन्य राष्ट्रिय गीत तथा अन्य गाउँ/नगर गानहरूसँग मेल नखाने गरी) हुनु पर्नेछ ।

५. गानको रचना गर्दा नेपाली जनजिब्रोमा प्रचलित शब्दहरूको प्रयोग भएको हुनु पर्नेछ ।

६. आफ्नो रचना युनिकोड फन्टमा टाइप गरी पि.डि.एफ. फाइल तयार गरी देहायको ठेगानामा इमेल गरी वा खामबन्दी गरी गाउँपालिकामा पेश गर्न सकिनेछ ।

७. रचनाकारले आफ्नो रचनासँगै नाम, थर, ठेगाना, मोबाइल नं., इमेल आइडी, शैक्षिक योग्यता, नागरिकताको फोटोकपी राखी निवेदन पेश गर्नुपर्नेछ ।

८. तोकिएको समयभित्र प्राप्त रचनाहरू विज्ञ सम्मिलित छनौट समितिबाट छनौट गरिने छ ।

९. छनौट भएको गाउँपालिका गानको रचनाकारलाई तोकिए बमोजिम पारिश्रमिकमा नियमानुसारको करकट्टी गरी रकम उपलब्ध गराइनेछ ।

**गाउँपालिकाका मूख्य विशेषताहरू:**

विश्व विख्यात शान्तिका प्रतिक गौतम बुद्धका पिता शुद्धोदनको नामबाट यस गाउँपालिकाको नामकरण गरिएको हो । रामापिथेकस र जितगढी किल्लाको रागलाई अँगाल्दै उत्तर पूर्वबाट

विष्णु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

प्रवाहित तिनाउ नदी तथा उत्तर पश्चिमबाट बहेलिदै आएको दानव नदिसँगै प्राकृतिक, भौगोलिक र थारू तथा मधेशी बाहुल्य सांस्कृतिक मनोरम स्थलले सिंगाएको छ ।

साविक सौ-फर्सटिकर, खडवा वनगाई, मानपकडी र मानमटेरिया गाउँपालिका गाभेर बनेको शुद्धोदन गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लाका १० गाउँपालिकामध्ये एक हो । पूर्वपश्चिम लोकमार्ग अन्तर्गत तामनगरदेखि ५ किलोमिटर दक्षिणमा पर्दछ । ५७.६६ वर्ग किलोमिटर क्षेत्रफल भएको यो गाउँपालिकाको पूर्वमा तिलोत्तमा नगरपालिका, पश्चिममा गैडहवा गाउँपालिका, उत्तरमा बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका र दक्षिणमा सियारी, मायादेवी र गैडहवा गाउँपालिकाको पर्दछन् ।

शुद्धोदनको राज्य (बुद्धको घरबार) तिलौराकोट, छोरा बुद्धको जन्मस्थल लुम्बिनी, बुद्धको मावली (शुद्धोदनको ससुराली) देवदह र यस शुद्धोदन गाउँपालिकाको सम्बन्ध जोडिएको हुनुपर्छ । उस बेलामा हालको शुद्धोदन गाउँपालिकाको क्षेत्रमा राजा शुद्धोदनले गरेका सत्कार्य, राखेका कृति र संस्कृति आदिको खोजतलास गर्नु हाम्रो परम कर्तव्य र दायित्व रहेको छ । त्यसैले यस गाउँपालिकाले उनै शुद्धोदनका सन्देशलाई समेट्दै समग्र समृद्धिका सपनाहरूलाई साकार पार्न खोजिरहेको छ ।

नेपाल अंग्रेज युद्ध अन्तरगत नेपालले विजय प्राप्त गरेको एक मात्र किल्ला जितगढीसम्म लडाई गर्न जाँदा अंग्रेजका फौजले उतिबेला बन क्षेत्र बढी भएको हालको खड्वा बनगाईमा थप हातहतियार भण्डारण गरेका रहेछन् । यहाँबाट जितगढीसम्म लगेर लडाई गर्दा नेपाली वीरहरुसँग हार भएपछि उनीहरू त्यतैबाट र यहाँ खडग कुरेर बसेकाहरू पनि भागाभाग भए । हातहतियार अर्थात खडग राखेको बन (गाईको चरन क्षेत्र भएको) लाई अपभ्रंश हुँदै हालसम्म आउँदा खड्वा बनगाई भन्ने नाम रहेको मान्यता पाइन्छ ।

**रचना पठाउने माध्यम तथा सम्पर्क:**

इमेल: info@shuddhodhanmun.gov.np shuddhodhanrum@gmail.com

सम्पर्क: ९८५७०८४५८३ {सूचना अधिकारी} ९८५७०८४५७८ {कार्यालय प्रमुख}